# नयाँ नगरपालिका लागि ईन्जिनियर (प्राविधिक विशेषज्ञ) को सेवा करार कार्यविवरण

## भूमिका

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम विभिन्न विकास साझेदारहरुको सहयोगमा स्थानीय विकास मन्त्रालयद्धारा संचालित एक राष्ट्रिय कार्यक्रम हो जसले नागरिकलाई सशक्तिकरण र स्थानीय निकायहरुलाई प्रभावकारी सेवाद्धारा स्थानीय विकासमा योगदान गरिरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य समावेशी, उत्तरदायी एवं जवाफदेही स्थानीय शासन एवं समुदायको नेतृत्वमा आधारित विकास मार्फत गरिबी निवारणमा सहयोग पुऱ्याउनु हो । यो कार्यक्रम सन् २०१३/१४ देखि २०१६/१७ देखि लागु भएको छ ।

## प्राबिधिक विशेषज्ञ सम्बन्धी व्यवस्था

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले नयाँ नगरपालिकाहरुको घोषणा पछि नागरिकहरुको बढ्दो सेवाको अपेक्षा र नगरपालिकाको कार्यक्षेत्रअनुसारको प्राबिधिकका साथै नगरविकास एवं सार्वजनिक सेवा प्रवाहमा सुधारका निमित्त नगरपालिकालाई प्राविधिक सहयोग पुऱ्याउनका लागि आवश्यक जनशक्तिको परिपूर्तिका लागि संघिय मामला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत प्रत्येक नयाँ गठन भएका ७२ वटा नगरपालिकाहरुलाई ध्यानमा राखी प्राबिधिक विशेषज्ञ (ईन्जिनियर) पदका लागि यो कार्यविवरण तयार पारिएको छ ।

उक्त विशेषज्ञले नगरपालिकाको कार्यालयमा रही नगरको समग्र लक्ष्य एवं वृहत उद्देश्य प्राप्तिका लागि नगरपालिका प्रति उत्तरदायी भै नगरपालिकाको कार्यालयका कार्यकारी अधिकृतको प्रत्यक्ष रेखदेख र निर्देशनमा रही कार्य गर्नुपर्नेछ ।

## प्राविधिक विशेषज्ञको भूमिका र जिम्मेवारी

नगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउन प्राविधिक विशेज्ञले नगरपालिकालाई निम्न नतिजा हासिल गर्नका लागि सक्रिय भुमिका निर्वाह गर्नुपर्नेछ । विशेषज्ञको कार्यसम्पादन मुल्यांकन नगरपालिकले हासिल गर्नुपर्ने निम्न नतिजाहरु हासिल भयो वा भएन भन्ने आधारमा गरिनेछ ।

## अपेक्षित नतिजाहरु र त्यसका अंकभार

| क.सं | अपेक्षित नतिजा | अंकभार |
|---|---|---|
| १ | भू-उपयोग योजना कार्यान्वयन | २ |
| २ | Land Pooling कार्यक्रम सञ्चालनमा ल्याएको | २ |
| ३ | घर कम्पाउण्डको पानी Recharge गरिएको | २ |
| ४ | हरेक वर्ष कम्तीमा १ कि.मी सडकको दायाँ बाँया वृक्षारोपाण गरिएको | २ |
| ५ | सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक सौचालयको निर्माण भएको | १ |
| ६ | नगरक्षेत्रमा प्लाष्टिकको प्रयोगमा वन्देज लगाइएको | १ |
| ७ | शहरी क्षेत्रमा कौशीमा वा करेशावारीमा तरकारी खेतीको कार्यान्वयन गरिएको | ३ |
| ८ | पशु वधशाला सञ्चालनमा आएको | १ |
| ९ | सडक Right of Way को मापदण्ड निर्धारण र कार्यान्वयन भएको | २ |
| १० | मुल सडकको आसपास बत्तीको व्यवस्था भएको | १ |
| ११ | वडा नागरिक मञ्च गठन भएको | ४ |
| १२ | नागरिक सचेतना केन्द्रको गठन भएको | ४ |
| १३ | वित्तिय सुशासन योजना बनाई कार्यान्वयन गरेको | १ |
| १४ | एकीकृत सम्पत्ति कर वा MARS कार्यान्वयन भएको | १ |
| १५ | व्यवसाय कर तिर्ने करदाता र कर रकममा वृद्धि भएको | २ |
| १६ | आन्तरिक आम्दानीमा वृद्धि भएको | २ |
| १७ | नगरपालिकाको कुनै पनि काममा ठेकेदारहरुको साँठगाँठ नभएको | ४ |
| १८ | नगर यातायात गुरुयोजना तयार हुनुपर्ने | १ |
| १९ | अन्तर शाखाविच इन्टरनेटमा नेटवर्किङ भएको | ३ |
| २० | E-Bidding Permission कार्यको थालनी भएको | ४ |
| २१ | छाडा चौपाया नियन्त्रणका लागि काञ्जि हाउसको निर्माण भएको | १ |
| २२ | कम्तिमा एउटा सार्वजनिक पार्क भएको | १ |
| २३ | सबै सार्वजनिक जमिन तथा सम्पत्तिको लगत राखेको र संरक्षण भएको | ४ |
| २४ | नगरपालिकाबाट सहयोग पाउने सबै बिद्यालयहरुमा लैंगिक मैत्री सौचालय भएको | १ |
| २५ | ODF घोषणा गरी कार्यान्वयन भएको | ४ |

| | | |
|---|---|---|
| २६ | नगरपालिका कार्यालय वातावरण मैत्री घोषणा भएको | ३ |
| २७ | तालिम प्राप्त व्यक्तिहरुबाट मात्र घर निर्माण भएको | ४ |
| २८ | २५ जना Cost Effective Housing सम्बन्धी तालिम प्राप्त जनशक्ति भएको | ४ |
| २९ | नगर क्षेत्रमा निकृष्ठ प्रकारको बालश्रममा कमी आएको | २ |
| ३० | Town Hall को डिजाईन भएको | १ |
| ३२ | City Civil Code निर्माण भै कार्यान्वयनमा आएको | ४ |
| ३३ | नगरस्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड निर्माण र कार्यान्वयन भएको | ४ |
| ३४ | नगरक्षेत्रका सडकहरु विस्तार भएको | ३ |
| ३५ | नगरपालिकालाई भवनको मापदण्ड र भवन संहिता लागु भएको | ४ |
| ३६ | नगरपालिकाको भु उपयोग योजना र मापदण्ड तयार भएको | ४ |
| ३७ | सब ईन्जिनियर तथा नगरपालिकाका अन्य प्राबिधिक जनशक्तिको क्षमता विकास | ४ |
| ३८ | नगरपालिकाले DPMAS कार्यान्वयन गरेको | २ |
| ३९ | नगरपालिकको खरीद योजना तयार पारी कार्यान्वयन गरेको | ३ |
| ४० | भुकम्प, आगलागि आदि विषयमा चेतनामुलक क्रियाकालापहरु संचालन गरेको | ४ |
| | जम्मा | १०० |

विशेषज्ञल उपरोक्त बमोजिमका नतिजा हसिल गर्नका लागि निम्न बमोजिमका भूमिका र जिम्मेवारीहरु वहन गर्नुपर्नेछ ।

## क) प्राविधिक भुमिका र जिम्मेवारी

१. पूर्वाधार निर्माण कार्यक्रमको पहिचान गरी नगरक्षेत्रको पूर्वाधार निर्माणका कामको वार्षिक योजना तयार पार्ने ।
३. नगरपरिषदबाट स्वीकृत योजनाको सर्वे डिजाईन र लगत इस्टमेट तयार पार्ने ।
४. स्वीकृत योजनाको खरिद प्रक्रियामा कार्यकारी अधिकृतलाई प्राविधिक सल्लाह र सहजीकरण गर्ने ।
५. निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशाला परिक्षण लगाएतका काम गर्ने ।
६. निर्माण कार्यमा आवश्यक जनशक्ति परिचालन गर्ने गराउने ।
७. निर्माण कार्यको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।
८. निर्माण कार्यको मूल्यांकन गर्ने ।
९. नगर यातायात गुरुयोजना तयार पारी कार्यान्वयन गर्न सहयोग र सहजीकरण गर्ने ।
१०. नगरपालिकाको भु उपयोग योजना र मापदण्ड तयार पार्न र त्यसको कार्यान्वयन गर्न सहयोग गर्ने ।
११. नगरपालिकालाई भवनको मापदण्ड र भवन संहिता लागु गर्न गराउन आवश्यक सहयोग गर्ने ।
१२. भवन निर्माणको स्वीकृतिका लागि आवश्यक प्रक्रिया निर्धारण गरी यथासमयमै स्वीकृतिका लागि कार्यकारी अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।
१२. निर्माण कार्यमा संलग्न व्यक्तिहरुलाई भवनको मापदण्ड र भवन संहिता लागु गर्नका लागि आवश्यक पर्ने प्राविधिक शीप विकास गर्ने गराउने ।
१३. नगरपालिकामा भुकम्प प्रतिरोधात्मक भौतिक पूर्वाधार निर्माणका लीग भुकम्पीय सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने गराउने ।
१४. निर्देशित जग्गा विकास कार्यक्रम र Land Pooling सम्बन्धी काम गर्ने ।
१५. सब ईन्जिनियर तथा नगरपालिकाका अन्य प्राबिधिक जनशक्तिको क्षमता विकास गर्ने ।
१६. विपद व्यवस्थापन तथा जोखिम न्युनिकरणका कार्यहरुमा सहजीकरण गर्ने गराउने ।
१७. उपभोक्ता समितिको क्षमता बृद्धिका कार्यक्रमको योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।

## ख) अन्य भुमिका र जिम्मेवारी

नगरपालिकासंग सम्बन्धित विद्यमान ऐन, नियमावली, निर्देशिका/कार्यविधि, क्षेत्रगत नीति/कार्यनीति एवं योजनाहरुको अधिनमा रही उपलब्ध श्रोत (स्थानीय विकास मन्त्रालयबाट प्राप्त अनुदान, अन्य अनुदान/सहयोग एवं आन्तरिक श्रोत) को परिचालन एवं निर्णय प्रक्रियामा नगरपालिकालाई सहयोग पुर्‍याउने/सहजीकरण गर्ने ।

१. उक्त श्रोत परिचालन एवं निर्णय प्रक्रियामा महिला, बालबालिका, पछाडि पारिएका एवं अल्पसंख्यक/लोपोन्मुख वर्गको उचित सहभागिता एवं लाभ वितरणको सुनिश्चितताका लागि सहयोग गर्ने ।

२. क्षेत्रगत नीति तर्जुमा एवं आवधिक/वार्षिक योजना तयारी, क्षेत्रगत नगर योजना निर्माण (जस्तै क्षमता विकास, वातावरण तथा फोहर मैला व्यवस्थापन, यातायात व्यवस्थापन, पूर्वाधार विकास एवं संरक्षण, श्रोत परिचालन, खरीद व्यवस्थापन लगायत अन्य) मा नगरपालिकालाई सहयोग गर्ने ।

३. विभिन्न योजना, कार्यक्रमहरुको माग एवं आवश्यकताको आधारमा प्राथमिकता निर्धारण गर्न एवं सहभागितात्मक वार्षिक योजना तर्जुमा पक्रियामा नगरपालिकालाई प्राविधिक सहयोग गर्ने ।

४. सहभागितात्मक योजना तर्जुमा प्रक्रिया मार्फत तयार हुने नगर योजनाको आधारमा कार्यतालिका सहितको वार्षिक कार्य योजना तयारी (Annul Work Plan) विभिन्न अनुदान सहयोग अन्तर्गतका कार्यहरुको कार्यक्रम स्रोत तालिका (Programme Funding Matrix) तयारी गर्ने कार्यमा सहयोग गर्ने ।

५. कार्यक्रमसंग सम्बन्धीत सहयोगका क्षेत्रहरु जस्तै, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, सूचना/शिक्षा र संचार, क्षमता विकास, सामाजिक परिचालन, सामाजिक तथा वातावरण सुरक्षण, आर्थिक एवं वित्त व्यवस्थापन, आदि अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयनमा सहजीकरण गरी कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।

६. नगरपालिकालाई 'न्यूनतम शर्त र कार्य सम्पादन मापन' सम्बन्धी स्व-मूल्याङ्कन (Self-assessment) गर्न र पहिचान भएका सुधारका क्षेत्रहरुको आधारमा सुधारका निम्ति सहयोग गर्ने ।

७. नगरपालिकामा सम्बन्धित क्षेत्र/विषयहरुमा सेवा खरीद (Service Procurement) कार्य (सेवा प्रदायकहरुको छनौट एवं परिचालन) मा आवश्यक सहयोग गर्ने ।

८. जिल्ला/नगर स्थित सरकारी कार्यालय, नागरिक समाज/गैसस, नीजि क्षेत्र, सामुदायिक संस्था/टोल विकास संस्था आदिसंग नगरपालिकाको कार्यगत सम्बन्ध सुदृढ गरी समन्वयात्मक विकास व्यवस्थापनका लागि सहयोग गर्ने ।

९. नगरपालिकालाई सार्वजनिक उत्तरदायित्व अभिवृद्धि एवं पारदर्शिता अभिवृद्धि सम्बन्धी कार्यलाई प्रवर्धन एवं आन्तरिकीकरण गर्ने विभिन्न कार्यहरु जस्तै, सार्वजनिक सुनुवाई, सार्वजनिक/सामाजिक परीक्षण, आयोजना पुस्तकको व्यवस्था, खर्च सार्वजनिकीकरण, प्रकाशन एवं संचार मार्फत सूचना प्रसार, आवधिक रुपमा समिक्षा, नागरिक वडापत्रको व्यवस्था, नागरिक सन्तुष्टि सर्वेक्षण, आचार संहिताको व्यवस्था आदिको लागि उत्प्रेरित एवं सहयोग गर्ने ।

१०. कार्यक्रमहरुको नियमित अनुगमन, प्रगति समिक्षा, आवधिक प्रगति प्रतिवेदन (मासिक, चौमासिक, वार्षिक) तयारी र विश्लेषणमा नगरपालिकालाई सहयोग गर्ने र कार्यान्वयनमा पाईएका कमीकमजोरीहरु एवं सुधारका संभावनाहरु सम्बन्धमा सम्बन्धित पक्षलाई सरसल्लाह र सुझाव प्रदान गर्ने ।

११. वातावरण मैत्री नगर निर्माणका साथै Clean and Green City निर्माणका लागि आवश्यक कार्य गर्ने गराउने ।

१२. अन्य सम्बन्धित कार्यहरुमा तोकिए बमोजिम नगरपालिकालाई सहयोग गर्ने ।

**आवश्यक न्यूनतम् योग्यता**

१. कम्तीमा सिभिल इन्जिनियरिङ्ग वा आर्किटेक्चरल इन्जिनियरिङ्ग विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक अर्थात Bachelor of Civil or Architecture Engineering कम्तिमा ६५% वा सो सहर वा ग्रेड पद्धतिमा ३ अंक साथ उत्रीण गरेको हुनुपर्ने ।

२. सिभिल ईन्जिनियरीङ्ग वा आर्किटेक्चरल इन्जिनियरिङ्गमा कम्तीमा छ महिना काम गरेको हुनुपर्ने । यसका लागि स्थानीय निकाय खासगरी नगरपालिकामा ईन्जिनियर पदमा काम गरेको अनुभवीलाई प्राथमिकता दिनुपर्नेछ ।

३. कम्प्युटरमा नेपाली र अग्रेजीमा टाईप गर्न सक्ने, MS Office राम्रोसंग चलाउने, Autocad Program चलाई नक्शा डिजाईन साथै त्यसको लागत ईस्टमेट गर्न सक्ने ।

४. कुनै राजनैतिक दलको कार्यकर्ता नरहेको ।

५. कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

६. स्थानीय उम्मेदवारलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

७. समावेशी नीतिलाई ध्यान दिई उम्मेदवार छनौट गर्नुपर्नेछ ।

**सेवा तथा सुविधा सम्वन्धी व्यवस्था :**

१. छनौट भएको विशेषज्ञसंग नगरपालिकाले स्वीकृत ढांचा अनुशार शुरुमा ४ महिनाको लागि करार संझौता गर्नेछ । इन्जिनियर कार्यसम्पादन सन्तोषजनक भएमा मात्र नगरपालिकाले थप ८ महिनाको लागि वा आ.ब अन्त्यसम्मका लागि करार नविकरण गर्नेछ । तत् पश्चात् नगरपालिकाले कार्यसम्पादनको आधारमा एक –एक वर्षका लागि करार नविकरण गर्नसक्नेछ । करार नविकरण गर्दा नगरपालिकाले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका सम्बन्धित क्लस्टर संयोजकको समेत सहमति लिनुपर्नेछ ।

२. इन्जिनियरको तलब शुरुमा ४ महिनाको लागि रु ३०००० (तीस हजार मात्र) हुनेछ । तत् पश्चात् करार नविकरण भएमा नगरपालिकाले कार्यसम्पादनको आधारमा मासिक तलब रु ३०००० हजार देखि अधिकतम रु ४०,०००(चालिस) सम्म उपलब्ध गराउन सक्नेछ । दुर्गम क्षेत्रका नपाका हकमा तोकिए बमोजिम थप सुविधा उपलब्ध हुन सक्नेछ ।

३. इन्जिनियरले महिनाको २ दिन घर विदा, र भैपरी तथा पर्व विदा वापत १ दिन विदा लिन सक्ने । वर्षको अन्त्यमा विदा सञ्चित हुने छैन ।

४. इन्जिनियरको कार्यसम्पादन सन्तोषजनक नभएमा सुधारका लागि कार्यकारी अधिकृतले सुझाव निश्चित समय दिनसक्नेछन् । कार्यसम्पादन सन्तोषजनक नभएमा वा अन्य कमीकमजोरी पाईएमा जुनसुकै बेला नगरपालिकाले करार संझौता भंग गर्नसक्नेछ । नगरपालिकाले संझौता भंग गरेको लिखित सुचना मन्त्रालयलाई ७ दिनभित्र उपलब्ध गराउनुपर्नेछ ।

५. यसमा लेखिएभन्दा बाहेक अन्य व्यवस्था नगरपालिकाले आपसी समझदारीमा टुंगो लगाउन सक्नेछ ।

६. विशेषज्ञको कार्यसम्पादन सन्तोषजनक नभएमा १५ दिनको सुचना दिएर नगरपालिकाले करार भंग गर्न सक्नेछ । नगरपालिकाले करार भंग गर्नु भन्दा पहिले उचित सफाइको उचित मौका दिईनेछ । कारवाहीमा चित्त नबुझेमा स्थानीय विकास मन्त्रालयको नगरपालिका व्यवस्था शाखामा १५ दिनभित्र लिखित निवेदन दिन सक्नेछ ।

७. विशेषज्ञले पद छाड्न चाहेमा कम्तीमा १ महिनाको लिखित सुचना दिनुपर्नेछ ।